# नेपाल प्रजातन्त्र सेनानी संघको विधान, २०४९

*(२०५३ र २०७८ को संशोधन समेत)*



प्रकाशक

**नेपाल प्रजातन्त्र सेनानी संघ**

केन्द्रीय कार्य समिति, काठमाडौं

सहयोग स्वरूप रु.१००/-

# नेपाल प्रजातन्त्र सेनानी संघको विधान, २०४९

(संशोधन सहित)

पहिलो संशोधन २०५३
दोस्रो संशोधन २०७८

**प्रस्तावना :**

राजनीतिक स्वतन्त्रता, सामाजिक न्याय र आर्थिक समानताका लागि जननायक वी.पी कोइरालाको नेतृत्वमा भएको २००७ सालको क्रान्ति तथा नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेस एवं प्रातः स्मरणीय नेताहरू सुवर्ण शमसेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाले पुऱ्याउनु भएको ऐतिहासिक तथा अतुलनिय योगदानको स्मरण गर्दै;

जहानीया राणाशासन र निरंकुश पञ्चायती व्यवस्थाका विरूद्ध प्रजातन्त्रको स्थापना र पुनर्स्थापनाका लागि नेपाली काग्रेसको नेतृत्वमा सम्पन्न क्रान्ति, जनआन्दोलन र संघर्षहरूमा आफ्नो अमूल्य जीबन बलिदान गर्ने वीर सहीदहरूप्रति उच्च सम्मान प्रकट गर्दै;

संविधानसभाका माध्यमबाट नेपालको संविधान निर्माण गर्ने सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको उत्कट चाहना र नेपाली कांग्रेसको ध्येयलाई मुर्तरूप प्रदान गर्न श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाले २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको नेतृत्व गरी पुऱ्याउनु भएको उच्च योगदानको गौरबपूर्ण स्मरण, आदरणीय नेता सुशिल कोईरालाले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्न खेल्नु भएको नेतृत्वदायी भूमिका र तीनै तहको निर्वाचन सम्पन्न गरी जारी भएको संविधानको सफल कार्यान्वयनका लागि आदरणीय नेता श्री शेरबहादुर देउवाले पुऱ्याउनु भएको ऐतिहासिक योगदानप्रति सम्मान प्रकट गर्दै;

नेपालको प्रजातान्त्रिक आन्दोलनमा लामो समयसम्म योगदान पुऱ्याएका प्रजातन्त्र सेनानीहरूलाई संगठित गरी नेपाली कांग्रेसको राजनीतिक लक्ष्य प्राप्तिको दिशामा परिचालित गर्न नेपाल प्रजातन्त्र सेनानी संघको गठन गर्न बाञ्छनीय भएकाले नेपाल प्रजातन्त्र सेनानी संघ २०४९ (२०५३ र २०७८) को संसोधनसहित यो विधान जारी गरिएको छ।

# भाग–१

## १. नाम र प्रारम्भ :

(१) नाम : यस संघको नाम 'नेपाल प्रजातन्त्र सेनानी संघ' रहने छ।

(२) यो संघ नेपाली कांग्रेसको भ्रातृ संस्था हुनेछ।

(३) नेपाली कांग्रेस केन्द्रीय कार्यासमितिले स्वीकृत गरेको मितिदेखि यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा–

(१) 'संघ' भन्नाले नेपाल प्रजातन्त्र सेनानी संघलाई जनाउँदछ।

(२) अधिवेशन' भन्नाले केन्द्रिय महाधिवेशन र अन्तर्गतका सबै अधिवेशनहरूलाई जनाउने छ।

(३) 'पार्टी' भन्नाले नेपाली कांग्रेस पार्टीलाई जनाउँदछ।

(४) 'सेनानी' भन्नाले लामो समयदेखि प्रजातन्त्रको निम्ति संघर्षरत नेता, मार्गदर्शक वा पार्टीको निष्ठावान सदस्यलाई जनाउँदछ।

## ३. झन्डा :

समान आयतकार भएका तीन पाटामध्ये माथि राजनीतिक क्रान्तिको प्रतीक रातो, तल आर्थिक क्रान्तिको प्रतिक रातो र बीचको भाग शान्तिको प्रतीक सेतो साथै सेतो पृष्ठभूमिमा अमर ज्योति रहनेछ।

## ४. छाप :

(१) संघको एउटा छाप रहने छ। भित्री गोलाकार घेराको बाहिर नेपाल प्रजातन्त्र सेनानी संघ २०४९ र घेराभित्र झन्डाको प्रतीक अमर ज्योति रहने छ। लेटर प्याडमा संघको झन्डा र संघको नाम रहने छ।

(२) प्रदेश कार्यसमिति, जिल्ला कार्यसमितिको छापमा सम्बन्धित प्रदेश र जिल्लाको नाम हुनेछ। अन्य सबै केन्द्रको अनुरूप नै हुनेछ।

## ५. कार्यालय :

(१) संघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) प्रदेश र जिल्लाका कार्यालयहरू संम्बन्धित प्रदेशको राजधानी र जिल्लाका सदरमुकामहमा रहनेछन।

## ६. आदर्श :

राष्ट्रियता, प्रजातन्त्र र समाजवाद संघका आदर्श हुनेछन् ।

## ७. उद्देश्यहरू :

(१) नेपाली कांग्रेसको आदर्श राष्ट्रियता, प्रजातन्त्र र समाजवादको लक्ष्य प्राप्तिका लागि सकृय भूमिका निर्वाह गर्ने ।

(२) प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्दै मुलुकको आर्थिक उन्नतिका लागि पार्टीको निर्देशन बमोजिम क्रियाशील रहने ।

(३) प्रजातान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने वीर सहीदहरू र प्रजातन्त्रको स्थापना र पुनर्स्थापनामा बिशिष्ट योगदान पुऱ्याएका प्रजातन्त्र सेनानीहरूको स्मृतिलाई चीरस्थायी राख्न सार्वजनिक सडक, उद्यान, पार्क, शालिक, विद्यालय, कलेज, पुस्तकालय र विभिन्न संघ संस्थाहरूको निर्माण एवं नामाक़रण गर्न, गराउन पहल गर्ने ।

(४) सहिदहरूको परिवारको तथ्यांक सङ्कलनका साथै सेनानीहरूको लगत तयार गर्ने, गराउने, प्रकाशन गर्ने, गराउने र उनीहरूको जिबीकोपार्जनका लागि आबश्यक पहल गर्ने ।

(५) प्रजातन्त्रका लागि भएका संघर्षको क्रममा जफत तथा हरण भएको सम्पत्ति र क्षति पुऱ्याइएको सम्पत्ति फिर्ता गराउने वा उचित क्षतिपूर्ति दिलाउन सम्बन्धित निकायमा पहल गर्ने ।

(६) सहिदहरूका परिवारहरू तथा प्रजातन्त्र सेनानीहरूको सहयोगार्थ विभिन्न योजनाहरूको तर्जुमा र पुनर्वासका लागि अन्य संघ संस्थाहरू र सरकारसँग पहलकदमी गर्ने ।

(७) प्रजातन्त्र प्राप्तिका लागि निर्वासनमा बसेका, जेल जीवन विताएका तथा पार्टीको राजनीतिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याएका राजनीतिक कार्यकर्ताहरूको पहिचान गरी उनीहरूको मर्यादा र हक हितका लागि आवश्यक कदम चाल्ने ।

(८) प्रजातन्त्र सेनानीहरूको पहिचान गरी नेपाल सरकारबाट निःशुल्क स्वास्थ उपचार, यातायातमा सहुलियत, सन्ततीहरूको निःशुल्क शिक्षादिक्षा र सेनानीहरूको जीविकोपार्जनका लागि सरकारसँग आबश्यक पहल कदमी गर्ने ।

(९) नेपाली कांग्रेसलाई आफ्नो उद्देश्य अनुरूप राष्ट्र र जनताको सेवामा समर्पित रहन निरन्तर उत्प्रेरित गर्ने ।

(१०) नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई संरक्षण र सम्वर्द्धन हुनेगरि अभिलेख राख्ने र सो अभिलेखको प्रकाशन गर्ने ।

(११) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरीय अवलोकन भ्रमण, सेमिनार, गोष्ठीको आयोजना गर्ने, गराउने तथा सेनानीहरूलाई सहभागी गराउने ।

## ८. सदस्यको योग्यता :

(१) निम्न योग्यता पुगेको नेपाली नागरिक संघको सदस्य बन्न सक्ने छ ।

(क) २०४६ साल पूर्व राजनीतिक कारणले जेल जीवन र यातना भोगेका ।

(ख) राजनीतिक कारणले निर्वासित भएको पार्टीको सदस्य ।

(ग) पार्टीको नेतृत्वमा संचालित क्रान्ति, आन्दोलन तथा संघर्षहरूमा सहादत प्राप्त गरेका बीर सहीदहरूका परिवार (बाबु, आमा, श्रीमती, श्रीमान्, छोरा, छोरी) ।

(घ) वि.स २००३ सालदेखि २०४६ सालसम्म नेपाली कांग्रेसको नेतृत्वमा भएका क्रान्ति, आन्दोलन र संघर्षहरूमा पार्टीको आदर्श र उद्देश्य प्राप्तिको लागि सकृय योगदान पुऱ्याउँदै पार्टी प्रतिवन्धित रहेको समयमा पार्टीका विभिन्न तह र भातृ संस्थाको जिम्मेवारीमा रही योगदान पुऱ्याएका ।

(ङ) उपरोक्त योग्यता भएका व्यक्तिले सदस्यता फारम भर्दा अनुसूचिमा तोकिएको बिबरण बमोजिम आबेदन दिनु पर्नेछ ।

(च) जिल्ला कार्यसमितिले सदस्यता नविकरण/वितरणका आवेदनहरूको टुङ्गो लगाई यसको विवरण महाधिवेशन हुनुभन्दा ३ महिना अगावै संघको प्रदेश तथा केन्द्रीय कार्यसमितिमा बुझाउनु पर्नेछ ।

(२) संघको उद्देश्य तथा विधान स्वीकार गर्ने व्यक्तिले सदस्यता शुल्क रू. २०।- (बीस) बुझाई संघको सदस्यता लिनु पर्ने छ । साथै केन्द्रीय अधिवेशन हुनु भन्दा ३ महिना पूर्व नै नियमपूर्वक सदस्यता नवीकरण गराउनु पर्नेछ ।

## ९. संघको सदस्यता नरहने :

देहायको अवस्थामा संघको सदस्यता रहने छैन ।

(१) मृत्यु भएमा ।

(२) संघ परित्याग गरेमा ।

(३) कुनै पनि निर्वाचनमा नेपाली कांग्रेसले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा ।

(४) संघको अनुशासनको कारवाहीबाट निष्कासित भएमा।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा।

(६) अनुशासनको कारवाहीको सिलसिलामा निलम्बनमा परेको सदस्य निलम्बनको अवधिभरी संघको अधिवेशनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन।

(७) नेपाली कांग्रेसको नियमावली (२०७६) को नियम ३६ (३) (ढ) (ण) बमोजिम कारवाही भएको अवस्थामा।

## भाग–२

**१०. जिल्ला अधिबेशनको गठन :**

(१) जिल्लाका प्रत्येक सेनानी सदस्य जिल्ला अधिबेशनका सदस्य हुनेछन्।

(२) जिल्ला कार्यसमितिका पदाधिकारी र सदस्यहरू अधिबेशनका सदस्य हुनेछन्।

**११. जिल्ला कार्यसमितिको गठन :**

(१) जिल्ला अधिबेशनका प्रतिनिधिहरूले आफूहरूमध्येबाट जिल्ला अध्यक्षको चयन गर्नेछन्।

(२) जिल्ला अधिबेशनले उपाध्यक्ष १, सचिव -१ र निदिष्ट गरिएका सदस्यहरूको निर्वाचन गर्नेछ।

(३) सम्वन्धित पदको निर्वाचनमा सबैभन्दा वढि मत प्राप्त गर्ने व्यक्ति निर्वाचित हुनेछ।

(४) ५० जनासम्म सेनानीहरू संघको सदस्य रहेको जिल्लामा ११ सदस्यीय जिल्ला कार्यसमिति रहनेछ। १०० जनासम्म संघका सदस्य रहेको जिल्लामा १५ सदस्यीय, २०० जनासम्म सदस्य रहेको जिल्लामा २१ सदस्यीय र २०० जनाभन्दा माथि जतिसुकै सदस्य रहेपनि ३१ सदस्यीय जिल्ला कार्यसमिति रहनेछ।

(५) निर्वाचित अध्यक्षले निर्वाचित/मनोनित सदस्यहरूमध्येबाट उपाध्यक्ष १, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१ र प्रवक्ता १ को मनोनयन गर्नेछ।

(६) निर्वाचित अध्यक्षले कार्यसमितिको निर्वाचित संख्याको २० प्रतिशत सदस्य मनोनित गर्नेछ।

(७) जिल्ला कार्यसमितिले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न सक्नेछ।

**१२. जिल्ला अधिबेशनको काम कर्तव्य र अधिकार :**

(१) जिल्ला अधिबेशन जिल्ला भित्रको अधिकार सम्पन्न निकाय हुनेछ। जिल्ला अधिबेशनबाट पारित नीति निर्देशन तथा कार्यक्रम जिल्ला कार्यसमितिका सबै सदस्यहरूका लागि अनिवार्य रूपमा मान्य हुनेछ।

(२) जिल्ला अधिबेशनले यस बिधानमा भएको व्यवस्था बमोजिम हरेक ३ बर्षमा जिल्ला कार्यसमितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ।

(३) जिल्ला अधिबेशनले संघको नीति र कार्यक्रमहरू तर्जूमा गर्नेछ।

**१३. जिल्ला सम्मेलन :**

(१) जिल्ला अधिबेशनका प्रतिनिधिहरू जिल्ला सम्मेलनका सदस्य हुनेछन।

(२) जिल्ला सम्मेलन संघको केन्द्रीय कार्यसमिति र सम्बन्धित जिल्लाको नेपाली कांग्रेसको प्रतिनिधिको पर्यवेक्षणमा सम्पन्न हुनेछ।

**१४. जिल्ला सम्मेलनको काम कर्तब्य र अधिकार :**

(१) जिल्ला अधिवेशन हुने बर्ष वाहेक प्रत्येक वर्ष जिल्ला सम्मेलन हुनेछ।

(२) जिल्ला कार्यसमितिले सम्मेलन बोलाउनेछ। सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत बार्षिक कार्यक्रम तथा प्रतिबेदन माथि छलफल गर्नेछ। अनुमोदित प्रतिवेदन, सम्बन्धीत प्रदेश र केन्द्रीय समितिलाई प्रेसित गरिनेछ।

(३) सम्मेलनले संघका बर्ष भरिका गतिबिधिहरूको समिक्षा गर्दै जिल्ला कार्यसमितिलाई नेपाल प्रजातन्त्र सेनानी संघको उद्देश्य मुताबिक कृयाशिल रहन मार्गनिर्देश गर्नेछ।

(४) जिल्ला सम्मेलन संघको केन्द्रीय प्रतिनिधि, संघको प्रदेश प्रतिनिधि र सम्वन्धित जिल्लाको नेपाली कांग्रेसको प्रतिनिधिको पर्यबेक्षणमा सम्पन्न हुनेछ।

## भाग–३

**१५. प्रदेश अधिबेशन :**

(१) सम्बन्धित प्रदेशबाट केन्द्रीय महाधिबेशनमा प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरू प्रदेश अधिबेशनका सदस्य हुनेछन्।

(२) सम्बन्धित प्रदेशका जिल्ला कार्यसमितिका पदाधिकारीहरू प्रदेश अधिबेशनका पदेन सदस्य हुनेछन्।

(३) प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यहरू प्रदेश अधिवेशन सदस्य हुनेछन्।

(४) केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरू सम्बन्धित प्रदेश अधिवेशनका पदेन सदस्य हुनेछन्।

(५) प्रदेश कार्यसमितिका अध्यक्षले मनोनित गरेका १५ जना प्रतिनिधिहरू प्रदेश अधिबेशनका सदस्य हुनेछन्। यसरी मनोनित गर्दा समाबेशिताको सिद्धान्तलाई मध्येनजर राख्नु पर्नेछ।

**१६. प्रदेश कार्यसमितिको गठन :**

(१) प्रदेश अधिबेशनका प्रतिनिधिहरूले आफूमध्येबाट प्रदेश अध्यक्षको निर्वाचन गर्नेछन् ।

(२) कुनै पनि पदको निर्वाचनमा सबैभन्दा वढि मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

(३) प्रदेश अधिबेशनका प्रतिनिधिहरूले आफूमध्येबाट उपाध्यक्ष १, सचिव १ र १७ जना सदस्यहरूको निर्वाचन गर्नेछन् ।

(४) निर्वाचित अध्यक्षले निर्वाचित/मनोनित सदस्यहरूमध्येबाट उपाध्यक्ष १, महामन्त्री -१, सह-महामन्त्री -१, कोषाध्यक्ष-१ र प्रवक्ता १ को मनोनयन गर्नेछ ।

(५) निर्वाचित अध्यक्षले कार्यसमितिको निर्वाचित संख्याको २० प्रतिशत सदस्य मनोनित गर्नेछ ।

(७) प्रदेश कार्यसमितिले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**१७. प्रदेश अधिबेशनको काम, कर्तब्य र अधिकार :**

(१) प्रदेश अधिबेशन प्रदेश भित्रको अधिकार सम्पन्न निकाय हुनेछ । प्रदेश अधिबेशनबाट पारित नीति निर्देशन तथा कार्यक्रम प्रदेश समितिका सबै सदस्यहरूका लागि अनिवार्य रूपमा मान्य हुनेछ ।

(२) प्रदेश अधिबेशनले यस बिधानमा भएको व्यवस्था बमोजिम हरेक ३ बर्षमा प्रदेश समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ ।

(३) प्रदेश अधिबेशनले संघको नीति र कार्यक्रम तर्जुमा गर्नेछ ।

(४) संघको संगठन वृद्धि र कार्यालय संचालनको लागि सहयोग रकम (लेवी) तोक्न सक्नेछ ।

**१८. प्रदेश सम्मेलन :**

(१) प्रदेश अधिबेशनका प्रतिनिधिहरू प्रदेश सम्मेलनका सदस्य हुनेछन् ।

(२) प्रदेश भित्रका जिल्ला अध्यक्षहरू प्रदेश सम्मेलनका सदस्य हुनेछन् ।

(३) प्रदेश सम्मेलन संघको केन्द्रीय प्रतिनिधि र सम्वन्धित प्रदेशको नेपाली कांग्रेसको प्रतिनिधिको पर्यबेक्षणमा सम्पन्न हुनेछ ।

**१९. प्रदेश सम्मेलनको काम, कर्तब्य र अधिकार :**

(१) प्रदेश सम्मेलन बर्षमा १ पटक हुनेछ तर प्रदेश अधिबेशन हुने बर्ष सम्मेलन हुने छैन ।

(२) प्रदेश कार्यसमितिले सम्मेलन बोलाउने छ । सम्मेलनले प्रदेश कार्यसमितिबाट प्रस्तुत बार्षिक कार्यक्रम तथा प्रतिबेदन माथि छलफल गर्नेछ । अनुमोदित प्रतिवेदन केन्द्रीय समितिलाई प्रेसित गरिनेछ ।

(३) सम्मेलनले संघका बर्ष भरिका गतिबिधिहरूको समिक्षा गर्दै प्रदेश कार्यसमितिलाई नेपाल प्रजातन्त्र सेनानी संघको उद्देश्य अनुरूप कृयाशिल रहन मार्गनिर्देश गर्नेछ ।

# भाग–४

**२०. केन्द्रीय महाधिबेशन :**

(१) ११ सदस्यीय कार्यसमिति रहेका जिल्लाबाट ३ जना महाधिबेशन प्रतिनिधि रहनेछन् ।

(२) १५ सदस्यीय कार्यसमिति रहेका जिल्लाबाट ५ जना महाधिबेशन प्रतिनिधि रहनेछन् ।

(३) २१ सदस्यीय कार्यसमिति रहेका जिल्लाबाट ७ जना महाधिबेशन प्रतिनिधि रहनेछन् ।

(४) ३१ सदस्यीय कार्यसमिति रहेका जिल्लाबाट ११ जना महाधिबेशन प्रतिनिधि रहनेछन् ।

(५) केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू महाधिबेशन प्रतिनिधि रहनेछन् ।

(६) प्रदेश अध्यक्षहरू केन्द्रीय महाधिवेशनका पदेन महाधिवेशन प्रतिनिधि रहनेछन् ।

(७) जिल्ला अध्यक्षहरू पदेन महाधिबेशन प्रतिनीधि रहनेछन् ।

(८) केन्द्रीय अध्यक्षले मनोनित गरेका २० जना महाधिबेशन प्रतिनिधि रहनेछन । यसरी मनोनित गर्दा समाबेशीताको सिद्धान्तलाई मध्येनजर राख्नु पर्नेछ ।

(९) एघारभन्दा कम प्रजातन्त्र सेनानी रहेका जिल्लाबाट बढीमा ३ जना महाधिवेशन प्रतिनिधि हुनेछन् ।

**२१. केन्द्रीय महाधिबेशनको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्रीय पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ ।

(२) केन्द्रीय महाअधिबेशन संघको अधिकार सम्पन्न उच्च निकाय हुनेछ । केन्द्रीय महाधिवेशनबाट पारित नीति तथा कार्यक्रम संघका सबै निकायहरू तथा सदस्यहरूको लागि अनिवार्य रूपले मान्य हुनेछ ।

(३) केन्द्रीय कार्यसमितिबाट तर्जुमा भई प्रस्तुत नीति तथा कार्यक्रम छलफल गरी पारित गर्नेछ ।

(४) संघको कार्यकालभरिको गतिविधि, कार्यक्रम कार्यान्वयनको समिक्षा प्रतिवेदन तथा आगामी कार्यकालमा कार्यान्वयन गरिने प्रस्तावित कार्यक्रमहरूको तर्जुमा गर्नेछ ।

**२२. केन्द्रीय कार्यसमितिको गठन :**

(१) केन्द्रीय कार्यसमिति पदेन सदस्य बाहेक ५१ सदस्यीय हुनेछ ।

(२) महाधिबेशनका प्रतिनिधिहरूले आफु मध्येबाट केन्द्रीय अध्यक्षको निर्वाचन गर्ने छन् ।

(३) कुनै पनि पदको निर्वाचनमा सबैभन्दा वढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ।

(४) महाधिबेशनका प्रतिनिधिहरूले आफूमध्येबाट उपाध्यक्ष १, महामन्त्री १ र समावेशी सिद्धान्तलाई मध्यनजर राखी २६ जना सदस्यहरूको निर्वाचन गर्नेछन्।

(५) अध्यक्षले निर्वाचित/मनोनित सदस्यहरूमध्येबाट उपाध्यक्ष १, महामन्त्री १, सह-महामन्त्री १, कोषाध्यक्ष र प्रवक्ता १ को मनोनयन गर्नेछन्। यसैगरी २२ जना सदस्यहरू अध्यक्षबाट मनोनित हुनेछन्। यसरी मनोनित गर्दा समावेशीताको सिद्धान्तलाई दृष्टिगत गर्नुपर्नेछ।

(६) प्रत्येक प्रदेशका अध्यक्षहरू केन्द्रीय कार्यसमितिका पदेन सदस्य हुनेछन्।

(७) केन्द्रीय कार्यसमितिको कार्यकाल ३ बर्षको हुनेछ।

(८) संघको केन्द्रीय अधिबेशन तोकिएको कार्यकालभित्रै सम्पन्न गर्नुपर्नेछ। अन्यथा पार्टीको विधानमा व्यबस्था भए बमोजिम कार्यसमिति स्वतः विघटन हुनेछ।

## २३. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :

(१) संघको उद्देश्य प्राप्तिका लागि केन्द्रीय अधिबेशनबाट पारित वार्षिक नीति र कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) देशको वस्तुस्थितिलाई दृष्टिगत गरी पार्टीले दिएको निर्देशन अनुरूप राजनीतिक, सामाजिक, आर्थिक तथा अन्य गतिविधिहरू संचालन गर्नेछ।

(३) संघको कार्य प्रगति प्रतिवेदन केन्द्रीय अधिबेशनमा प्रस्तुत गर्नेछ।

(४) संघको कार्य संचालनार्थ आवश्यक उपसमितिहरू गठन गर्नेछ।

(५) संघको निमित्त आवश्यक कर्मचारीहरू नियुक्त गर्ने र पारिश्रमिक तोक्नेछ।

(६) संघका सदस्यहरूमध्येबाट तोकिए बमोजिमको सहयोग रकम (लेवी) उठाउन सक्नेछ।

(७) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न सक्नेछ।

## २४. केन्द्रीय कार्यसम्पादन समिति :

(१) केन्द्रीय कार्यसमितिका पदाधिकारी पदेन रहने गरी ११ जना रहेको कार्यसम्पादन समितिको गठन हुनेछ।

(२) प्रवक्ता पदेन सदस्य हुनेछ।

(३) केन्द्रीय कार्यसम्पादन समितिले केन्द्रीय कार्यसमितिको बैठक नबसेको बेला केन्द्रीय कार्यसमितिले गरी आएको सबै कार्य गर्नेछ र यसलाई तत्पश्चात लगतै बस्ने केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

**२५. केन्द्रिय सम्मेलन :**

(क) केन्द्रिय अधिबेशनका सम्पूर्ण प्रतिनिधिहरू केन्द्रिय सम्मेलनका सदस्य हुनेछन् ।

(ख) जिल्ला अध्यक्षहरू केन्द्रिय सम्मेलनका सदस्य हुनेछन् ।

(ग) संघको केन्द्रिय सम्मेलन नेपाली कांग्रेसको केन्द्रिय प्रतिनिधिको पर्यबेक्षणमा सम्पन्न हुनेछ ।

**२६. केन्द्रिय सम्मेलनको काम, कर्तब्य र अधिकार :**

(क) केन्द्रिय सम्मेलन बर्षमा १ पटक हुनेछ तर केन्द्रिय अधिबेशन हुने बर्ष सम्मेलन हुने छैन ।

(ख) केन्द्रिय कार्यसमितिले सम्मेलन बोलाउने छ। सम्मेलनले केन्द्रिय कार्यसमितिबाट प्रस्तुत बार्षिक कार्यक्रम तथा प्रतिबेदन माथि छलफल गर्नेछ। अनुमोदित प्रतिवेदन नेपाली काग्रेस केन्द्रीय समितिलाई प्रेसित गरिनेछ ।

(ग) सम्मेलनले संघका बर्ष भरिका गतिबिधिहरूको समिक्षा गर्दै केन्द्रिय कार्यसमितिलाई नेपाल प्रजातन्त्र सेनानी संघको उद्देश्य अनुरूप कृयाशिल रहन मार्गनिर्देश गर्नेछ।

# भाग–५

**२७. संघको तीनै तहका अध्यक्ष, उपाध्यक्ष, महामन्त्री, सचिव, सहमहामन्त्री, सहसचिव, कोषाध्यक्ष र प्रवक्ताको काम, कर्तव्य र अधिकार :**

**(१) संघको तीनै तहका अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) पार्टीको सम्बन्धित तहको समन्वयमा रही संघको उद्देश्य नीति र कार्यक्रम कार्यान्वयन गर्ने गराउनेछ ।

(ख) संघको उद्देश्य प्राप्तिका लागि प्रजातान्त्रिक मुल्य मान्यतामा विश्वास राख्ने अन्य संघ संस्थाहरूसँग समेत सम्पर्क राखी प्रभावकारी रूपमा संघको कार्यक्रम कार्यान्वयन गर्ने गराउनेछ ।

(ग) सम्बन्धित तहका कार्यसमितिहरूको बैठक बोलाउन महामन्त्री वा सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्नेछ ।

(घ) सभा गोष्ठीहरूमा संघको प्रतिनिधित्व गर्ने गराउने ।

(ङ) संघको उद्देश्य अनुरूपका अन्य भैपरी आउने काम गर्ने गराउने र सम्बन्धित तहको कार्यसमितिलाई जानकारी गराउने ।

(च) संघलाई सवल नेतृत्व प्रदान गर्ने ।

(छ) सम्बन्धित तहको अध्यक्षले उपाध्यक्ष, महामन्त्री, सचिव, सह-महामन्त्री, सहसचिव, कोषाध्यक्ष, प्रवक्ता र निर्वाचित/मनोनित सदस्यहरूमध्येबाट सम्बन्धित विभागको संयोजक तोक्न सक्नेछ। आवश्यकताअनुसार ११ सदस्यीय विभिन्न विभागहरू गठन गर्न सकिनेछ।

**(२) संघको तीनै तहका उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गरी आएका कार्य गर्नेछ।

(ख) अध्यक्षले प्रत्यायोजन गरी दिएका कार्य गर्नेछ।

(ग) अध्यक्षको पद रिक्त भएमा निर्वाचित उपाध्यक्ष स्वतः कार्यबाहक अध्यक्ष हुनेछ।

**(३) संघको तीनै तहका महामन्त्री र सचिवको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको निर्देशन अनुसार केन्द्रीय महाधिबेशन वा अधिबेशनको बैठक बोलाउनेछ।

(ख) अध्यक्षको निर्देशन अनुसार सम्बन्धित तहको बैठक बोलाउने र भएका निर्णयहरूलाई माइन्यूट गर्ने र निर्णय पुस्तिकालाई सुरक्षित राख्नेछ।

(ग) समितिको दैनिक कार्य सम्पादन गर्नेछ।

(घ) संघ र उपसमितिहरू, सल्लाहकार समिति आदिको बैठक बोलाउने र सबैका बीच समन्वय कायम राख्नेछ।

(ङ) संघको वार्षिक गतिविधि, उपलब्धि र प्रगति बिबरण सम्बन्धित तहको अधिबेशनमा प्रस्तुत गर्नेछ।

(च) संघको कागजात जिम्मा लिने र सुरक्षित राख्नेछ।

(छ) अध्यक्षले सुम्पेको काम गर्नेछ।

**(४) संघको तीनै तहका सह–महामन्त्री र सह–सचिवको काम, कर्तव्य र धिकार :**

(क) महामन्त्री र सचिवको अनुपस्थितिमा उहाँहरूले गरी आएको कार्य गर्नेछ।

(ख) अध्यक्ष वा कार्यसमितिले सुम्पेको कार्य गर्नेछ।

**(५) संघका तीनै तहका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) संघ संचालनको लागि आर्थिक बन्दोबस्तका लागि कार्ययोजना बनाउनेछ।

(ख) संघको चल-अचल सम्पत्तिको रेखदेख गर्ने र सुरक्षित राख्नेछ।

(ग) वार्षिक आय-व्ययको बिवरण राख्ने र कार्यसमितिमा तत्सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नेछ।

(घ) संघको आर्थिक कारोबार बैंक मार्फत सञ्चालन गर्नेछ। बैंकमा खाता खोल्दा अध्यक्ष र महामन्त्री मध्ये कुनै एक जना र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर रहने गरी दुई जनाको संयुक्त हस्ताक्षरमा खाता संचालन गर्नेछ।

(ङ) संघको काममा रकम निकासा गर्ने र विधिपूर्वक लेखापरिक्षण गराएर हिसाब किताव स्पष्ट र पारदर्शी राख्नेछ।

(६) संघका तीनै तहका प्रवक्ताको काम, कर्तव्य र अधिकार :

संघका तीनै तहका प्रवक्ताको कार्यसमितिका निर्णय, नीति र कार्यक्रमहरू प्रभावकारी रूपमा सार्वजनिक गर्ने कर्तव्य हुनेछ।

## भाग–६

**२८. अविश्वासको प्रस्ताव :**

(१) महाधिवेशनको कूल सदस्य संख्याको २५% सदस्यहरूले केन्द्रीय अध्यक्षप्रति विश्वास छैन भनी कारणसहित लिखित प्रस्ताब पेश गरेमा कार्यसमितिले प्रस्ताब दर्ता भएको मितिले १ महिना भित्र महाधिबेशन बोलाउनु पर्नेछ र पार्टीको केन्द्रीय प्रतिनिधिको उपस्थितिमा आवश्यक प्रकृया अघि बढाई निर्णयार्थ प्रस्तुत गरिनेछ। दुई तिहाई बहुमतले प्रस्ताव उपर निर्णय गर्नेछ।

(२) अबिश्वासको प्रस्ताब पारित भएमा प्रदेश र जिल्लाको हकमा केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमितिको हकमा मातृ पार्टी नेपाली कांग्रेसले आवश्यक निर्णय गर्नेछ।

**२९. निर्वाचन सम्बन्धी व्यवस्था :**

(१) संघको केन्द्रीय महाधिबेशन सम्पन्न गर्नका लागि संघको केन्द्रीय कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ र निर्वाचन समितिले पार्टी प्रतिनिधिको पर्यवेक्षणमा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ।

(२) प्रदेश र जिल्ला अधिबेशन सम्पन्न गर्नका लागि संघको सम्बन्धित तहको कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ र निर्वाचन समितिले केन्द्रीय प्रतिनिधिको रोहबरमा प्रदेश र जिल्लाका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ।

(३) जिल्ला मातहतका संघका अधिवेशनहरू सम्पन्न सम्बन्धित समितिले नै निर्वाचन समिति गठन गरी अधिवेशन सम्पन्न गर्नेछ।

(४) संघको प्रत्येक तहको निर्वाचन गोप्य मतदानद्वारा हुनेछ। निर्वाचनको परिणाम साधारण बहुमतको आधारमा निर्धारण गरिनेछ।

(५) निर्वाचन समितिले निर्वाचन अधिकृत र मतदान अधिकृत नियुक्त गर्न र आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ। निर्वाचन सम्बन्धी विवादमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(६) प्रत्येक तीन बर्षमा हुने महाधिबेशनले केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्नेछ।

(७) केन्द्रीय अध्यक्षको उम्मेदवार हुन पार्टीको क्रियाशील सदस्यता लिई १० वर्ष पुगेको वा संघको सदस्य भई १० वर्ष कार्य गरेको महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ।

(८) अन्य सबै तहका उम्मेदवारहरूको हकमा संघमा सक्रिय रही पार्टीको क्रियाशील सदस्य रहेको र संघको सम्बन्धित तहको अधिवेशनको प्रतिनिधि भएको व्यक्ति हुनु पर्नेछ।

(९) नेपाली कांग्रेसको अन्य भ्रातृ वा शुभेच्छुक संस्थामा कार्य गरेको व्यक्तिको हकमा उसले सम्बन्धित संस्थामा कार्य गरेको समयावधिलाई संघमा आधा समय गणना गरिनेछ।

(१०) नेपाली कांग्रेसको महाधिवेशनमा संघबाट सहभागी हुन पार्टीद्वारा निर्धारित संख्याका महाधिवेशन प्रतिनिधिहरू नेपाली काग्रेसको क्रियाशील सदस्य रहेको व्यक्तिमात्र उम्मेदवार हुन पाउने गरी संघको महाधिवेशनले निर्वाचित गर्नेछ।

(११) सबै तहको कार्यसमितिको अध्यक्ष निरन्तर रूपमा दुई पदावधी भन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउने छैनन्।

## ३०. अनुशासन समिति

(१) संघको अनुशासन कायम राख्न र आचार संहिता पालन गराउन केन्द्रीय कार्यसमितिले आफुहरू मध्येबाट केन्द्रिय अनुशासन समिति गठन गर्नेछ।

(२) केन्द्रीय अनुशासन समितिमा १ जना संयोजक र २ जना सदस्यहरू रहनेछन्।

(३) सोही अनुरूप प्रदेश र जिल्ला अनुशासन समिति गठन गर्न सकिनेछ।

## ३१. अनुशासन समितिको काम, कर्तव्य र अधिकार :

(१) कुनै पदाधिकारी र सदस्यहरू उपर समितिमा परेका अनुशासन र आचारसंहिता उल्लंघनका उजुरी उपर छानबिन गरी आबश्यक कारवाही गर्नेछ।

(२) मातृ पार्टी नेपाली कांग्रेसको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध वा विधानको उल्लंघन भयो भनी पार्टीका निकाय, पदाधिकारी वा सदस्यबाट उजुरी परेमा वा जानकारी हुन आएमा आबश्यक छानबिन गरी निर्णय गर्नेछ।

(३) यस्तो निर्णय बारे संघको केन्द्रीय कार्यसमितिलाई जानकारी गराउनु पर्नेछ।

(४) अनुशासन उल्लंघन गरेको सदस्य, पदाधिकारी उपर कारबाही गर्दा निष्काशन बढीमा तीन बर्षसम्म र निलम्बन बढीमा एक बर्षका लागि गर्न सकिनेछ।

(५) अनुशासन भंग गर्ने पदाधिकारी वा सदस्य माथि कारबाही गर्दा कसुर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन गर्ने वा निस्कासन गर्न सकिनेछ । यसरी कारबाही गर्दा सम्बन्धित निकाय वा व्यक्तिलाई स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

### ३२. न्यायिक समिति :

(१) संघको केन्द्रीय तहमा ३ सदस्यीय न्यायिक समिति रहनेछ ।

(२) न्यायिक समितिमा संघ हेर्ने पार्टीको सम्बन्धित विभागको प्रमुख संयोजक, विभागको प्रमुखले तोकेको विभागको सदस्य १ जना र संघको कार्यसमितिले निर्णय गरी सिफारिस गरेको संघको पूर्व अध्यक्ष/पदाधिकारी वा सदस्यहरूमध्ये सदस्य रहनेछन् ।

(३) न्यायिक समितिले अनुशासन समितिका निर्णयहरू उपरको पुनरावेदनबारे निर्णय गर्नेछ ।

(४) अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित समिति, पदाधिकारी र सदस्यले अनुशासन समितिले गरेको निर्णय उपर पैतिस दिनभित्र न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछ । न्यायिक समितिले त्यस्तो पुनरावेदन उपर एक महिनाभित्र निर्णय गरी सक्नु पर्नेछ । न्यायिक समितिको निर्णय अन्तिम हुनेछ ।

### ३३. आय–व्ययको विवरण :

(१) जिल्ला कार्यसमितिले आफ्नो आय-व्ययको विवरण प्रदेश कार्यसमितिलाई र प्रदेश कार्यसमितिले आफ्नो आय-व्ययको विवरण केन्द्रीय कार्यसमिति समक्ष बुझाउनु पर्नेछ ।

(२) संघको केन्द्रीय कार्यसमितिले आफ्नो आय-व्यय विवरणको लेखा परिक्षण प्रतिवेदन नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ ।

## भाग–७

### ३४. निलम्वन र विघटन :

संघको कुनै प्रदेश, जिल्ला वा मातहतको निकायले पार्टी र संघको विधान विपरित काम गरेको वा संलग्न भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकायलाई निलम्बन वा बिघटन गर्न सक्नेछ । यसरी निलम्बन र विघटन भएको अवस्थामा केन्द्रीय कार्य समितिले तदर्थ समिति गठन गर्नेछ ।

**३५. लेवी र चन्दा :**

सबै तहका कार्यसमितिले तोकिए बमोजिमको सहयोग रकम (लेवी) र चन्दा उठाउन सक्नेछन् ।

**३६. कर्मचारीको व्यवस्था :**

सबै तहका कार्यसमितिका अध्यक्षले संघलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्न सक्नेछन् ।

**३७. रिक्त स्थानको पूर्ति :**

कुनै कारणले संघका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि संघको विधानमा अन्यथा व्यवस्था भएदेखि बाहेक जुन प्रकृयाबाट चयन भएको हो सोही प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

**३८. विधान संशोधन :**

केन्द्रीय महाधिवेशनले संघको विधानमा आवश्यक संशोधन गर्न सक्नेछ । यस्तो संशोधित विधान नेपाली कांग्रेसले स्वीकृत गरेपछि लागू हुनेछ ।

**३९. नियमावली बनाउने :**

यो विधानअनुरूप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली, विनियम र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

**४०. बाधा अड्काउ फुकाउने अधिकार :**

यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि हुने महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

**४१. संक्रमणकालीन व्यवस्था :**

नेपाली कांग्रेसबाट यो विधान स्वीकृत भएको ६ महिना भित्र महाधिवेशन सम्पन्न हुन नसकेमा केन्द्रीय समिति स्वतः विघटन हुनेछ । अन्य व्यवस्था पार्टीको विधानमा तोकिए बमोजिम हुनेछ ।

**४२. बचाउ :**

यो विधान जारी भएपछि संघद्वारा विगतमा सम्पादित कार्यहरू यसै विधान बमोजिम भएको मानिनेछ ।

# अनुसूचि

फोटो

## प्रजातन्त्र सेनानीको व्यक्तिगत विवरण

(१) नाम, थर : लिङ्ग :

(२) ठेगाना :

(३) जन्म मिति : जन्म स्थान :

(४) शैक्षिक योग्यता :

(५) विवाहित/अविवाहित :

(६) धर्म:

(७) भाषा ज्ञान :

(८) सम्पर्क, मोबाइल नं./इमेल :

(९) सामाजिक कार्य :

(१०) राजनीतिक पृष्ठभूमि :

..........................................................

प्रमाणित गर्नेको नाम, थर र पदः

..........................................................

सम्बन्धित सेनानीको हस्ताक्षर